अध्याय १०

# पैदल-अनुसन्धान : नागरिक समाजको विकासमा एउटा प्रयोग

**सोहन प्रसाद साह**

## परिचय

समूहगत हकहितको पैरवी गर्ने प्राय: गैरसरकारी संस्था (गैसस), दातृ निकाय, संगठन वा अन्य निकायलाई नागरिक समाज भनेर बुझ्ने गरिन्छ । ज्ञान र स्रोतको परिचालनका लागि राज्यको सम्बन्धित निकायमा "दर्ता" गरेका गैसससँग देश-विदेशका दातृ संस्थाहरूले अधिकारको पैरवी, अनुसन्धान, क्षमता अभिवृद्धि र समाज सेवाका लागि सहकार्य गरेको पाइन्छ । नागरिक समाजको बृहत् दृष्टिकोणमा संगठनात्मक प्रकारको आर्थिक-सामाजिक अधिकारको पैरवी गर्ने संस्थाका साथै विभिन्न किसिमका सामाजिक आन्दोलन पनि पर्दछन् । नागरिक समाज हुन के-के स्रोत आवश्यक हुन्छन् वा यसको बुझाइ कुन-कुन धरातलमा गरिन्छ भनेर सोच्दा यसमा फरक-फरक दृष्टिकोण पाइन्छ । "राजनीतिक समाज" र "नागरिक समाज" मा केही सैद्धान्तिक भिन्नता छ भन्ने अध्येता पार्थ चटर्जीको चर्चा यहाँ सान्दर्भिक छ । उनी नागरिक समाजलाई पश्चिमा समाजको वैचारिक धरातलमा उभिएका संस्थाहरूको संघ हो भन्छन् जहाँ समानता, स्वायत्तता, घुमफिरको स्वतन्त्रता, अनुबन्ध, लोकतान्त्रिक प्रक्रियाबाट निर्णय लिने प्रचलन, अधिकार र कर्तव्यको पहिचान लगायतका कुरा हुन्छन्, जुन गैरपश्चिमा देशहरूमा कमजोर अवस्थामा हुन्छन् (चटर्जी सन् २००१ : १७२) । यस्तो परिभाषामा "नागरिक" एउटा सानो तर सचेत समूह हो भने "जनता" ठूलो र आम समूह हो ।

केही थप वैचारिक दृष्टिकोणबाट यसलाई हेर्न सकिन्छ । जस्तै, बीसौँ शताब्दीको मध्यतिर गैरपश्चिमा मुलुकमा लोकतन्त्रको लहर देखियो, जसले नागरिक र जनताबीच नयाँ किसिमको भिन्नतालाई उजागर गऱ्यो । चटर्जीका अनुसार "जनता" को अवधारणा राज्यको नीति, नियम, प्रशासनिक नियन्त्रण र विभिन्न किसिमको राजनीतिक परिचालनसँग सम्बन्धित हुन्छ । राज्यले आफ्नो वैधता निरन्तर रूपले लोकतान्त्रिक प्रक्रिया मार्फत जनताबाट खोज्छ, जसमा जनताले राज्यसँग खुला छलफल गर्न सक्दैनन्, बरु आफ्नो नाफाघाटाको हिसाब गरेर लोकतन्त्रमा परिचालित हुन्छन् । तसर्थ, जनताको सञ्जाल र राजनीतिक परिचालन राज्यको निगरानीमा आश्रित हुन्छन् । तर, नागरिक चाहिँ एउटा सानो समूह हो जसले आफ्नो व्यक्तिगत क्षमताले होस् वा कुनै संघ-संस्थाका सदस्यको नाताले, आ-आफ्नो समूहको कानूनी र राजनीतिक बराबरीको मुद्दा उठान गर्न सक्छन् वा गरिरहेका हुन्छन् (चटर्जी सन् २००४ : ३४–३८) । हुन त चटर्जीको अवधारणामा सम्भ्रान्त वर्गको व्यक्तिलाई नागरिक समाजको रूपमा चित्रण गरिए तापनि यस्तो समूहले पटक-पटक सामाजिक, आर्थिक र राजनीतिक अधिकार विहीनताको अवस्थामा आफ्नो ज्ञान र क्षमताले हस्तक्षेपकारी भूमिका खेल्छ ।

यसै सन्दर्भमा, नागरिक समाज र राजनीतिक समाजको भिन्नताबारे सुदीप्ता कविराज (सन् २००१) ले पार्थ चटर्जीलाई उद्धृत गर्दै भन्छन्—नागरिक समाज विकासशील देशहरूको सामाजिक धरातलमा राजनीतिसँग अन्तर सम्बन्धित हुन्छ र त्यस्तो नागरिक समाजको विश्लेषण अँध्यारोमा तीर हान्ने जस्तो हो । नागरिकले राज्यसँग कसरी सम्बन्ध कायम गर्छ भन्ने कुरा नागरिक समाज र राजनीतिक समाजको भिन्नतामा भर पर्छ । उदाहरणका लागि, यदि जनताले आफ्ना आधारभूत कुरा (जस्तै, शिक्षा, स्वास्थ्य वा अरू जनजीविका) को अधिकारका लागि राजनीतिमा आश्रित हुन्छ र संरक्षण खोज्छ भने त्यो राजनीतिक समाजको दायरामा पर्छ । राज्यको सम्बन्ध राजनीतिक समाजसँग कहिले घनीभूत हुन्छ त कहिले तनावपूर्ण पनि हुन सक्छ । राजनीतिक समाजले लोकतन्त्रमा लोकप्रिय प्रतिनिधित्वको दायरा बढाउँछ, तर कहिलेकाहीँ सामाजिक तनाव पनि बढाउँछ । तर, कविराज भन्छन्, (राजनीतिक समाजभन्दा भिन्न) नागरिक समाजको प्रयोग दुई तरिकाले गरिन्छ : (क) यसले समाजको सामुदायिक चेतनाको प्रतिनिधित्व गर्न सक्छ र (ख) अति सानो समूह वा संघमा सीमित भए पनि यसले राज्यको विरोधमा तार्किक रूपले आवाज उठाउने क्षमता राख्छ । मुख्यत: नागरिक समाजले राज्यको असाधारण शक्तिलाई नियन्त्रण गर्न भूमिका खेलेको हुन्छ । यसमा, नागरिक समाजका स्वायत्त व्यक्तिको स्वैच्छिक प्रयासले निरन्तर रूपमा राज्यको लोकतन्त्रलाई सबलीकरण गरिरहेको हुन्छ ।

कविराजका अनुसार नागरिक समाजले मुख्यत: राज्यको शक्ति नियन्त्रण गर्ने र नागरिकको पक्षमा वकालत गर्ने कुरालाई तीन किसिमले बुझ्न सकिन्छ : (क) जब

राज्य दमनकारी हुन्छ र जनताको सामाजिक जीवनमा गलत तरिकाले दखल दिन्छ, जुन लोकतन्त्रको मूल्य-मान्यता विपरीतको कार्य हो; (ख) जब राज्यले सुशासन कायम गर्न सक्दैन र नागरिक समाजले विभिन्न किसिमले समाजमा सेवा पुऱ्याउने प्रयास गर्छ, जसका लागि राज्यको कर्मचारीतन्त्र प्राय: अपुग वा असमर्थ हुन्छ; (ग) जब लोकतन्त्रमा नागरिकप्रति राजनीतिक पार्टीको जबाफदेही कमजोर हुन्छ र नागरिक समाजको प्रयासले भुइँ तहमा पिछडिएको वर्ग र समुदायको आवाज विभिन्न किसिमका संघ, संस्था र व्यक्तिगत रूपले उठान गर्छन्, जुन राजनीतिक पार्टीको संरचनागत प्रणालीबाट सम्भव हुँदैन (कविराज सन् २००१ : ३१८–३१९) । यी तीन सन्दर्भमा नागरिक समाजले भुइँ तहको आवाज, इच्छा र आकांक्षालाई चलनचल्तीको राजनीतिभन्दा फरक ढंगले व्यक्त गर्छ ।

सुनील खिलनानी (सन् २००१) ले नागरिक समाजको विकासलाई कसरी बुझ्ने भन्ने कुरा मुख्य गरी चार ओटा सर्त वा क्षमतामा भर पर्ने तर्क गरेका छन् । पहिलो, नागरिक समाजलाई कुनै ठोस परिभाषामा राखेर यसको संस्थागत वा सैद्धान्तिक पक्षको पूर्वानुमान लगाउन कठिन हुन्छ, त्यसैले नागरिक समाजलाई राज्यको प्रतिपक्ष नसोची स्वतन्त्र रूपले आवाज उठाउने समूहको रूपमा बुझ्नुपर्छ । दोस्रो, नागरिक समाजको विकास उदारवादी लोकतन्त्रमा मात्र हुन्छ भन्ने अनुमान पनि सही नहुन सक्छ । जस्तै, लोकतन्त्र कमजोर भएता पनि पूर्वी एसियाका देशमा समेत नागरिक समाजको भूमिका रहेकै हो । तेस्रो, समाजमा विद्यमान नागरिक/व्यक्तिको क्षमता, नैतिकता र राजनीतिको समायोजनको रूपमा नागरिक समाजलाई हेर्नुपर्छ । चौथो, व्यक्तिगत प्रयासले, प्रत्यक्ष वा अप्रत्यक्ष रूपले नागरिक समाजको विकासमा योगदान दिन्छ । यी चार ओटा सर्त मुख्य गरी निम्न तीन पूर्वसर्तहरूमा निहित छन् : (क) नागरिक समाज राजनीतिमा अन्तर्निहित हुन्छ र संविधानको सीमामा रहेर हकहितको पैरवी गर्छ; (ख) नागरिक समाजमा "पर्टिकुलर टाइप अफ सेल्फ" (विशिष्ट किसिमको स्वयं) को क्षमताले सामाजिक मुद्दामा तार्किक बहस र विवेचना उठान गर्ने हुन्छ; (ग) कानूनी वैधानिकता प्राप्त संस्था (गैसस), दातृ निकाय, संघ वा समूहगत हकहितका लागि पैरवी गर्ने कुनै पनि संगठनहरूलाई नागरिक समाजको रूपमा बुझिन्छ (खिलनानी सन् २००१ : २४–३०) ।

खिलनानीले आफ्नो लेखमा अगाडि सारेको "विशिष्ट किसिमको स्वयं"को अवधारणालाई दुई किसिमले अर्थ्याइएका छन् । पहिलो, भुइँ तहमा व्यक्तिहरूको प्रयास स्वहितले प्रेरित हुन्छन्, जसको योगदान सभ्य समाजका लागि अपरिहार्य हुन्छ । दोस्रो, भुइँ तहमा व्यक्तिले जब आफ्नो पहलमा नागरिक हकहितको पैरवीबाट लोकतन्त्रको दायरा बढाउने काम गर्छन्, तब ती व्यक्तिहरू आफ्नो ज्ञान, स्रोत, सीप र क्षमताले सामाजिक मुद्दाको उठान गर्छन् । निश्चित काल खण्डमा, यी व्यक्तिहरू स्वहितभन्दा माथि उठेर सार्वजनिक हकहितको जानी-नजानी वकालत पनि गर्छन्, जसलाई नागरिक समाजको विकासमा एउटा आवश्यक कदमको रूपमा हेर्नुपर्ने हुन्छ ।

यो लेख नागरिक समाजका प्रतिनिधिहरूको “विशिष्ट किसिमको स्वयं” ले आफ्नो क्षमताद्वारा कसरी भुइँ तहमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले पैदल-अनुसन्धान मार्फत ज्ञान उत्पादनको क्षेत्रमा योगदान गर्छ भन्ने कुराको विश्लेषण गर्ने प्रयास हो ।[१] पश्चिम तराई (कपिलवस्तु, नवलपरासी र रुपन्देही) मा सञ्चालित “स्थानीय अधिकारकर्मीहरूको अनुसन्धान क्षमता अभिवृद्धि” परियोजनामा सम्मिलित मध्येका तीन जना अधिकारकर्मीहरूलाई “नागरिक समाज” का प्रतिनिधि वा नागरिक समाज निर्माणमा सहयोग गर्ने व्यक्तिका रूपमा प्रस्तुत गरिने छ, जसमा ती व्यक्तिको ज्ञान, स्रोत र क्षमताको परिचालनलाई दुई किसिमले प्रस्तुत गरिने छ । पहिलो, विभिन्न क्षेत्रमा व्यक्तिहरूको आफ्नो किसिमको आबद्धताले ज्ञान, स्रोत र क्षमता निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले भूमिका खेलेको हुन्छ । दोस्रो, व्यक्तिले स्वःगणना र स्वःदस्तावेजीकरणको महत्त्वलाई बुझी निरन्तर रूपले सामाजिक विषयको पहिचान; भुइँ तहमा विचार निर्माण, अनि अनुसन्धान तथा प्रकाशनको माध्यमबाट नागरिक समाजको दायरा बढाउने; र बहस, संघर्ष र विरोध गर्ने काम गरिरहेका हुन्छन् । यस्ता व्यक्तिलाई यस लेखमा “पैदल-अनुसन्धान” को अवधारणाबाट चर्चा गरिने छ ।

पश्चिम तराईमा अधिकारकर्मीहरूले के-कस्तो संस्थागत परिदृश्यमा काम गरिरहेका छन् ? उनीहरूले खास गरी शान्ति स्थापना, मानवअधिकारको प्रवर्द्धन र सामाजिक न्यायका लागि लड्न आवश्यक ज्ञान, क्षमता र स्रोत कसरी हासिल गर्छन् ? यिनै प्रश्नहरूको सेरोफेरोमा रहेको यो लेख मूलत: तीन भागमा केन्द्रित छ । परिचय पछिको पहिलो खण्डमा, पश्चिम तराईको अधिकारमुखी पैरवीमा संलग्न संस्थालाई शैक्षिक/प्राज्ञिक क्षेत्र, गैरसरकारी संस्था र सार्वजनिक बौद्धिक/पत्रकारिता क्षेत्रमा वर्गीकरण गरी त्यहाँ अनुसन्धानको अवस्थाको मूल्यांकन गरिन्छ । दोस्रो खण्डमा पैदल-अनुसन्धानको अवधारणालाई स्थानीय तहमा विभिन्न संस्थामा आबद्ध अभियन्ताले कसरी प्रयोगमा ल्याउन सक्छन् भन्ने कुराको विश्लेषण गरिने छ । तेस्रो खण्डमा अधिकारमुखी पैरवीमा संलग्न पैदल अनुसन्धाताको क्षमता अभिवृद्धिको प्रयास र उपलब्धिको एक-एक ओटा प्रतिनिधिमूलक उदाहरण दिएर उनीहरूको “विशिष्ट किसिमको स्वयं” ले कसरी ज्ञान उत्पादनको क्षेत्रमा योगदान गर्छन् भन्ने जानकारी दिइन्छ । र, अन्तिम खण्डमा लेखको निष्कर्ष हुनेछ ।

## पश्चिम तराईमा अनुसन्धानको अवस्था

पैदल-अनुसन्धानबारे चर्चा गर्नु अघि पश्चिम तराईमा अनुसन्धानको अवस्था कस्तो छ बुझ्नुपर्ने हुन्छ । यसका लागि नागरिक समाजको प्रतिनिधित्व गर्ने संस्थाको मूल्यांकन

[१] भुइँ तहमा पैरवी-अनुसन्धान गरिरहेका अध्येता, अभियन्ता, अधिकारकर्मी, सञ्चारकर्मी वा साधारणजनले अध्ययन-अनुसन्धानमा रुचि राख्ने र लेख्ने कामलाई यस लेखमा “पैदल अनुसन्धान” वा अंग्रेजीमा “बेयरफूट रिसर्च” भनिएको छ (ड्रेज सन् २००२ : ८१७) ।

गर्नुपर्छ । व्यक्तिको बौद्धिक क्षमता विकास गर्ने थुप्रै संस्था हुन सक्छन् । सामान्यत: ती संस्थालाई निम्न तीन तरिकाले वर्गीकरण गर्न सकिन्छ : (क) शैक्षिण/प्राज्ञिक संस्था, (ख) अधिकारमुखी पैरवी समूह (मुख्य गरी गैरसरकारी संस्था) र, (ग) सार्वजनिक बौद्धिक/पत्रकारिता क्षेत्र । यी तीनै थरी संस्थाहरू एकआपसमा परिपूरक छन् । र, यी संस्थाहरू नागरिक समाजका अवयव पनि हुन् ।

अनुसन्धानको अवस्था मूल्यांकनका लागि डिसेम्बर २०१७ पछि पश्चिम तराईका तीन जिल्लामा पटक-पटक गएर तथ्यांक संकलन गरिएको थियो । यसका लागि तीन दर्जनभन्दा धेरै व्यक्तिसँग भेटघाट र कुराकानी गरिएको थियो । ती मध्येबाट २२ जनालाई उनीहरूको रुचि र अनुभवको आधारमा अनुसन्धान सम्बन्धी प्रशिक्षण र प्रस्तुतिका लागि आमन्त्रण गरियो । माथि उल्लिखित तीनै थरी संस्थागत परिवेशमा संलग्न मध्येबाट अन्तत: १३ जना छनोट गरियो, जसले काठमाडौँको मार्टिन चौतारी र कपिलवस्तुको मधेस मानवअधिकार गृह (माहुरी-होम) मा आयोजित प्रशिक्षण र लेखन कार्यशालामा भाग लिएका थिए । अध्ययन क्रममा विभिन्न संस्थाका वार्षिक प्रतिवेदन, केन्द्रीय तथ्यांक विभाग, समाज कल्याण परिषद् र अन्य द्वितीय स्रोतबाट आवश्यक जानकारी तथा तथ्यांक संकलन गरिएको थियो ।

## *शैक्षिक/प्राज्ञिक क्षेत्र*

पश्चिम तराईको प्राज्ञिक क्षेत्रको अवस्था त्यति उत्साहजनक देखिँदैन । जिल्लाको कुल जनसंख्याको अनुपातमा मानविकी र समाज विज्ञानमा भर्ना भएका विद्यार्थीको संख्या निकै थोरै छ (मार्टिन चौतारी २०७६) । एक त समाज विज्ञानमा स्नातकोत्तर तहको पढाइ हुने क्याम्पस नै कम छन् । अर्को, पढाइ हुने ठाउँमा पनि निकै थोरै विषय मात्र पढाइन्छ । विद्यार्थी संख्याको अनुपातमा शिक्षकहरू भने धेरै छन् । प्राज्ञिक र पैरवी-अनुसन्धान दुवैतर्फ खासै रुचि त्यहाँ देखिँदैन ।

क्याम्पसमा अध्यापनरत एक थरी शिक्षक पढाउनमै व्यस्त छन् । शिक्षण पेसामा निर्भर हुनेहरूको मुख्य चिन्ता जीविकोपार्जन भएकाले उनीहरूलाई पैरवी-अनुसन्धान गर्न समय मिल्दैन, अनि अनुसन्धानमा लाग्न उनीहरूलाई कुनै प्रोत्साहन छैन । अर्का थरी शिक्षकहरू व्यक्तिगत रुचि र क्षमताका आधारमा सामाजिक आन्दोलनमा सक्रिय छन् । तर, विभिन्न सामाजिक-राजनीतिक र संस्थागत कठिनाइले उनीहरूले पनि ती आन्दोलनबारे लेखिरहेका छैनन् ।

अधिकारमुखी पैरवी-अनुसन्धान या त छैन, कतै छ भने धेरै नै कमजोर छ । व्यक्तिगत पहलमा गरिएका केही अपवाद बाहेक प्राज्ञिक क्षेत्रको अनुसन्धानमा संलग्न छैनन्, अझ पैरवी-अनुसन्धानमा त झन् छँदै छैनन् ।

यस क्षेत्रकै पुरानो सार्वजनिक पुस्तकालयका रूपमा चिनिने बुटवलको महावीर पुस्तकालय लगभग प्रयोगविहीन अवस्थामा छ। बुटवल बहुमुखी क्याम्पस र भैरहवा बहुमुखी क्याम्पसका पुस्तकालय केवल पाठ्यपुस्तक र पत्रिका पढ्नका लागि मात्रै विद्यार्थीहरूले प्रयोग गर्छन् । प्रायः सार्वजनिक पुस्तकालय पनि पत्रपत्रिका पढ्ने थलोमात्र भएका छन् ।

### *गैरसरकारी संस्थाको अवस्था*

प्रायः स्थानीय अधिकारकर्मीहरू दाताका लागि तथ्यांक जुटाइदिने माध्यम मात्र बनेका छन् । अनुसन्धानका सबै प्रक्रिया र चरणमा संलग्न नगरिने भएकाले उनीहरूमा अनुसन्धान क्षमताको कमी छ । रुपन्देहीको एक अन्तर्राष्ट्रिय गैससमा काम गर्ने अभियन्ताका अनुसार गैसस अभियन्ताहरू फगत दर्शकमात्र हुन्; परियोजनाका विभिन्न पक्षबारे र परियोजना अन्तर्गत यदि पैरवी-अनुसन्धानको पाटो पनि छ भने त्यसलाई के-कसरी गर्ने भन्ने निर्णय माथि नै गरिसकिएको हुन्छ ।[२] अनुसन्धानबाट प्राप्त तथ्यांक र ज्ञानको स्वामित्व पनि दाताकै मात्र हुने हुनाले यसले ज्ञानको खाडललाई झन् गहिऱ्याइदिएको छ ।

अनुसन्धानको महत्त्व नबुझ्नाले पनि गैससहरू अधिकारमुखी पैरवी-अनुसन्धानमा लाग्न सकेका छैनन् । पैरवीलाई अनुसन्धान र लेखनसँग पनि जोड्नुपर्छ भन्ने कुरा गैससमा काम गर्ने अभियन्ताहरूलाई महसुस भएको देखिँदैन । स्थानीय पेसाकर्मी वा अधिकारकर्मीलाई अनुसन्धानका सम्पूर्ण प्रक्रियामा सहभागी गराउन सके उनीहरूले आफूसँग भएको जानकारी र तथ्यलाई लेखनमा ढाल्न सक्छन् । यसले उनीहरूलाई स्वतन्त्र, स्वावलम्बी र निष्पक्ष रूपमा पैरवी-अनुसन्धानमा लाग्न प्रोत्साहन मिल्छ ।

### *सार्वजनिक बौद्धिक/पत्रकारिता क्षेत्रको अवस्था*

रुपन्देहीका एक पत्रकार/अभियन्ताका अनुसार, अधिकांश पत्रकारले कमै मात्र फलो-अप रिपोर्टिङ गर्छन् । उनका अनुसार, एउटै घटनालाई लामो समयसम्म पछ्याइरहँदा मात्रै घटनाको बृहत् प्रवृत्ति र महत्त्व पहिल्याउन सकिने र साँचो अर्थमा अनुसन्धान हुने गर्छ, जसले गर्दा तथ्य-तथ्यांक सहितको लामो अनुसन्धानात्मक लेख तयार गर्न सक्छ ।[३]

भुइँ तहको अधिकारमुखी पैरवीलाई अभियन्ताहरूले आवश्यक सीपको अभावमा आफैले जुटाएका तथ्य, तथ्यांक र प्रमाणमा जोड्न सकेका छैनन् । अधिकारमुखी पैरवी-अनुसन्धानको पर्याप्त अभ्यास नभएकाले स्थानीय गैससले पहिले गरेका पैरवी-गतिविधिहरूको उचित अभिलेख राख्दैनन् । स्थानीय स्तरमा विभिन्न माध्यमबाट चर्चा

[२] अभियन्ता राजकिशोर रजकसँग वैशाख २०, २०७६ मा गरिएको कुराकानी ।

[३] पत्रकार/अभियन्ता दीपक ज्ञवालीसँग जेठ १, २०७६ मा गरिएको कुराकानी ।

गरिए पनि, तिनले राष्ट्रिय स्तरमा खासै महत्त्व राख्न र ध्यान खिच्न सकेका छैनन् । फलतः तिनले नीति-निर्माणमा असर पारेको देखिँदैन ।

माथि चर्चा गरिएका तीन किसिमका संस्थागत परिदृश्यका आधारमा निम्न लिखित निचोड निकाल्न सकिन्छ : (क) शैक्षिक/प्राज्ञिक क्षेत्र अधिकारमुखी-पैरवीबारे प्रतिक्रिया दिन सक्छ, तर पश्चिम तराईको पैरवीको क्षेत्रमा उनीहरूको उपस्थिति कमजोर छ । (ख) गैससका कार्यकर्ता, अभियन्ताहरू पैरवी गर्ने उपयुक्त पात्र हुन् तर सामाजिक-राजनीतिक र संस्थागत व्यवधानका कारण स्वतन्त्र रूपमा अधिकारमुखी पैरवी गर्न सकिरहेका छैनन् । उनीहरू स्थानीय स्तरका मुद्दालाई केन्द्रसँग जोड्न असफल छन् । र, (ग) सार्वजनिक बौद्धिक/पत्रकारहरू नागरिक समाजका अन्य सदस्य, संस्थासँग जेलिएको सम्बन्धका कारण स्थानीय तवरमा अधिकारमुखी पैरवी वा पैरवी-अनुसन्धान गर्नसक्ने उपयुक्त पात्र भए तापनि उनीहरूले पर्याप्त रूपमा सो काम गर्न सकिरहेका छैनन् ।

## पैदल-अनुसन्धान र लेखन क्षमता अभिवृद्धिको प्रयास

### *पैदल-अनुसन्धान अवधारणा*

भुइँतहमा पैरवी-अनुसन्धान गरिरहेका अध्येता, अभियन्ता, सञ्चारकर्मी वा साधारणजनले अध्ययन-अनुसन्धानमा रुचि राख्ने र लेख्ने कामलाई यस लेखमा "पैदल-अनुसन्धान" भनिएको छ (ड्रेज सन् २००२ : ८१७) । यहाँ हामीले पैदल-अनुसन्धानलाई प्राज्ञिक, सहभागितामूलक र कार्यमूलक (एक्सन) अनुसन्धानभन्दा फरक ढंगले हेरेका छौँ ।

पैदल-अनुसन्धानका दुई मुख्य विशेषता छन् : पहिलो, यसले सामाजिक अनुसन्धान गर्ने अवसरबाट प्रत्यक्ष वा अप्रत्यक्ष तवरमा बाहिर परेकालाई अनुसन्धानमा सामेल हुने मौका दिन्छ र भुइँतहबाट ज्ञान निर्माण गर्छ । दोस्रो, यसले भुइँतहका व्यक्तिहरूलाई उनीहरूको "अनुसन्धानको अधिकार" (अप्पादुराई सन् २००६) को दाबीलाई स्वीकारेर "लोकतान्त्रिक नागरिक" (ड्रेज सन् २००२) को हैसियत प्राप्तिको वकालत गर्न सघाउँछ ।

नेपालमा समय-समयमा हुने गरेका संघर्ष, आन्दोलन र राज्य व्यवस्था परिवर्तनले समाज र देशबारे चिन्तन गर्ने प्राज्ञिक, बौद्धिक र सचेत नागरिकको जमात बढाएको छ । तर भुइँतहका मानिसको आवाजलाई स्थानीयदेखि प्रदेश हुँदै संघसम्म प्रतिबिम्बित गरेर लोकतन्त्रलाई सबल बनाउन भने सकेको छैन । स्थानीय, प्रादेशिक र संघीय तहमा हुने बहसमा भुइँतहका प्राज्ञिक, अभियन्ता र नागरिक समाजको भूमिका बढाउन र ती बहसलाई प्रभावित पार्न पैदल-अनुसन्धान जस्ता कार्य गर्नु जरुरी छ । उदाहरणका लागि, तराई-मधेसमा उठेका राष्ट्रिय स्तरका विभिन्न जल्दाबल्दा सवाललाई खास गरी काठमाडौँमा बस्ने बौद्धिक वर्गले उठाइरहेका त छन्, तर काठमाडौँ बाहिर मधेसको स्थानीय तहका

व्यक्ति वा संस्थाहरूले अनुसन्धान र पैरवी गरेर राष्ट्रिय स्तरमा मुद्दा उठान गरेको भने विरलै भेटिन्छ । यो परियोजनाले स्थानीय वा राष्ट्रिय स्तरका सवालमा कार्यरत र अध्ययनरत व्यक्ति वा संस्थाको क्षमता र आकांक्षाको अभिवृद्धि गरेर उनीहरूको अनुसन्धान क्षमता र अधिकारलाई मुखरित गर्न सघाएको छ ।

पैदल-अनुसन्धानको अभ्यास गर्ने क्रममा हामीले माथि उल्लेख गरिए झैँ केही चरण पार गऱ्यौँ। पहिले, पैरवी अनुसन्धानका सन्दर्भमा तीन जिल्लामा अवस्थित अनुसन्धानको संस्थागत परिस्थितिको समग्र मूल्यांकन गरियो । संस्थागत मूल्यांकनको क्रममा तीन दर्जनभन्दा बढी व्यक्तिहरूलाई सम्पर्क गरिएको थियो । अनुसन्धान पूर्वाधार र वातावरण, सम्भावित अनुसन्धाताका व्यक्तिगत रुचि, उनीहरूले गर्ने दैनिक पैरवी र व्यावसायिक कर्मबारे कुराकानी गर्नुका साथै उनीहरूकै कार्यस्थलमा गएर अवलोकन समेत गरिएको थियो । साथै, उनीहरूलाई अनुसन्धान क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमबारे जानकारी दिँदै त्यसमा संलग्न हुन प्रोत्साहित गरिएको थियो । यस क्रममा पहिलो चरणको समाज विज्ञान अनुसन्धान सम्बन्धी तालिम/कार्यशालामा जम्मा २२ जना सहभागी भएका थिए । सहभागीहरूलाई आफूले गर्न चाहेको अनुसन्धानबारे लेख्न भनिएको थियो, अनि आफ्ना योजना उनीहरूले प्रस्तुत गरेका थिए । आफूले प्रस्तुत गरेका विषयवस्तुप्रति उनीहरूको अभिरुचि र सक्रियता तथा प्रस्तुत गरेका अनुसन्धानका अवधारणाका आधारमा १३ जना पैदल अनुसन्धाताहरू छनोट गरिएका थिए ।

ती अनुसन्धाता डिसेम्बर २०१७ देखि जुन २०१८ सम्ममा छानिएका थिए र यस क्रममा दुईटा कुरामा ध्यान दिइएको थियो । पहिलो, स्थानीय तवरमा सक्रिय भएकाले उनीहरूमा आ-आफ्ना विषयमा पर्याप्त सूचना र सम्पर्क-सम्बन्ध हुन्छन् । त्यसैले उनीहरूले तुरुन्तै अनुसन्धानको विषय प्रस्ताव गर्न सक्नेछन् र एउटा निश्चित समयावधिमा अध्ययन-खोजी गरेर लेखन कार्य गर्नेछन् । छनोट गर्दा सामान्यतया मानविकी तथा समाज विज्ञानमा स्नातक तह उत्तीर्ण भएका र पश्चिम तराईका तीन जिल्ला—नवलपरासी, रुपन्देही र कपिलवस्तु—मध्ये कुनै एकमा काम गरिरहेको हुनुपर्ने मापदण्ड तोकिएको थियो । दोस्रो, छनोट गर्दा भूगोल, जाति, लिंग, पेसा, संस्था, मुद्दा र विषयका आधारमा विविधता पनि समेटिएको थियो ।

## *लेखन क्षमता अभिवृद्धिको प्रयास*

यो परियोजना अन्तर्गत एउटा औपचारिक र तीन ओटा अनौपचारिक तालिम/कार्यशाला गरिए । औपचारिक तालिम पैदल अनुसन्धाताहरूको अन्तिम छनोट अघि गरिएको थियो । समाज विज्ञान अनुसन्धानका विविध पक्ष तथा नेपाली समाज र उनीहरूले रोजेका विषयसँग सम्बन्धित सामग्रीहरू कार्यशालामा उपयोग गरिएको थियो । सो औपचारिक तालिमपछि अन्तिम छनोटमा परेका १३ जना अनुसन्धाताले विज्ञहरूका टिप्पणीलाई समेट्दै आफ्ना

प्रस्तावमा थप काम गरे । ती प्रस्तावका आधारमा मार्टिन चौतारी र बाहिरका केही विज्ञहरूलाई अनुसन्धाताका "प्रशिक्षक" का रूपमा तोकिएको थियो ।

पैदल-अनुसन्धानको तालिम र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससका तालिममा प्रमुख तीन किसिमको भिन्नता छ । एक, भुइँतहकाहरूमा कुनै "क्षमता" हुँदैन, त्यसैले उनीहरूलाई तालिम दिइनुपर्छ भन्ने मान्यता गैससका तालिम आयोजकमा हुन्छ । तर पैदल-अनुसन्धानको तालिममा "विशिष्ट किसिमको स्वयं" का ज्ञान र अनुभवको संग्रहको आधारमा उनीहरूको आकांक्षाको पहिचान गर्ने औजारहरू विकास गरिन्छ । दोस्रो, प्राय: विकासे गैरसरकारी संस्थाका परियोजनामा निश्चित विषयको परिधिमा रही कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ, तर पैदल अनुसन्धाताको खोजीको क्रममा भुइँतहका अभियन्ताहरूले के अनुसन्धान गर्न इच्छा राखेका छन्, त्यसको व्यक्तिगत स्वायत्तताको कदर र प्रोत्साहन गरिन्छ । तेस्रो, अनुसन्धान तालिममा प्रशिक्षकहरूले प्राय: आ-आफ्नो पूर्व तालिम, सिद्धान्त र अनुसन्धानात्मक विधिलाई भुइँतहका अभियन्ता/अनुसन्धाताहरूमा जानी-नजानी लाद्ने गरेको हुन्छ । तर पैदल-अनुसन्धान तालिमको क्रममा यस्ता कुराहरूबाट सकेसम्म टाढा रहने गरी भुइँतहका अभियन्ताहरूले आ-आफ्नो ज्ञान र अनुभवलाई स्वःगणना र स्वःदस्तावेजीकरणको माध्यमले जे-जसरी लेख्छन्, त्यही नै अनुसन्धान हो भन्ने किसिमले क्षमता अभिवृद्धिको लागि प्रशिक्षण, मेन्टरिङ र लेखन कार्यशाला गरिन्छ । यी कुराहरू परियोजना कार्यान्वयनको क्रममा मार्टिन चौतारीमा आबद्ध सहकर्मी प्रशिक्षकहरूसँग प्रशिक्षण र लेखन कार्यशाला सञ्चालन गर्दाका आफ्ना र प्रशिक्षकहरूका अनुभवमा आधारित छन् । यसबारे नियमित छलफल मार्फत "गरेर सिक्ने" प्रक्रियाबाट परियोजना अगाडि बढ्यो ।

पहिलो चरणको औपचारिक तालिम बाहेक अरू सबै प्रशिक्षण, लेखन कार्यशाला सबै अनौपचारिक भए र औपचारिक भन्दा अनौपचारिक तालिम बढी प्रभावकारी भए । जस्तै, पहिलो औपचारिक तालिम लगत्तै १३ जना पैदल अनुसन्धाताको छनौट गरेर उनीहरूलाई प्रस्ताव मस्यौदा बुझाउन अनुरोध गरियो, तर दुई महिना बित्दा समेत केही प्रगति नभएको महसुस भयो । अनुसन्धाताले पनि आ-आफ्नो प्रशिक्षकसँग सम्पर्क नगरेको वा गरे पनि औपचारिकताको लागि मात्र गरेको पाइयो । माहुरी-होमका तर्फबाट परियोजनाका संयोजक लक्ष्मी श्रेष्ठसँग के अप्ठ्यारो भयो भनी जिज्ञासा राख्दा उनले भनिन्, "अनुसन्धान गर्न त भन्नु भयो, तर अध्ययन के गर्ने हो ? शुरू कहाँबाट गर्ने ? धेरै साथीहरू अन्योलमा छन् ।" यही बेला हामीलाई थाहा भयो कि औपचारिक तालिमले यो अनुसन्धान कहीँ पनि पुग्दैन । त्यसपछि पहिलो अनौपचारिक तालिम गर्न मार्टिन चौतारीका अनुसन्धानकर्मीसँग कपिलवस्तु गयौँ । सबै अनुसन्धातालाई भेटी स्वःगणना र स्वःदस्तावेजीकरणको महत्त्वको बारेमा दर्शाउने प्रयास गऱ्यौँ र आफ्नो ज्ञान र अनुभवको आधारमा प्रस्ताव गरेको विषयमा

जे-जे आउँछ लेख्न लगायौँ । हरेक अनुसन्धानकर्मीका आ-आफ्नो समस्यालाई समूहमा छलफल गऱ्यौँ र अनुसन्धानको विभिन्न आयामको बारेमा छलफल गऱ्यौँ ।

विभिन्न प्रशिक्षण, लेखन कार्यशाला समानान्तर रूपले चल्दै गर्दा, पैदल-अनुसन्धानको अवधारणा र नागरिक समाजलाई कसरी भुइँतहमा लेखन क्षमता अभिवृद्धिबाट सबलीकरण गर्छ भन्ने कुराको विचार निर्माणमा मार्टिन चौतारीका अनुसन्धान निर्देशक प्रत्यूष वन्त र योगेश राजसँग विभिन्न किसिमले विचार विमर्श गर्ने र अनुभव साट्ने काम भयो । यही क्रममा हामीले गरिरहेको कामलाई "पैदल-अनुसन्धान" अवधारणाको आधारमा विश्लेषण गर्ने र भुइँतहमा अभियन्ताको ज्ञान र अनुभवले के दिन सक्छ भन्ने कुरामा जोड दिनुपर्ने टुंगोमा पुग्यौँ । साथै, सोही अनुरूप अनौपचारिक तालिमका योजनाहरू पनि बनायौँ ।

लेखन क्षमता भनेको शैक्षिक पृष्ठभूमिका साथै व्यक्तिको व्यावसायिक र संस्थागत आबद्धतामा पनि भर पर्ने विषय हो । लेखन क्रममा पहिलो मस्यौदाबाट अन्तिम प्रकाशित मस्यौदा (हेर्नुहोस्, साह र महर्जन २०७६) सम्मको चरण पार गर्दा अनुसन्धाताहरूलाई धेरै चुनौती आइपरे र तिनको समाधान गरियो । अनुसन्धाताहरू मध्ये "विशिष्ट किसिमको स्वयं" को सटीक उदाहरणका रूपमा यो लेखमा प्रस्तुत गरिएका तीन जनाको अनुभव यसप्रकार रह्यो ।

पहिलो, रामविकास चौधरी पत्रकारिता र गैसस क्षेत्रका अधिकारकर्मी हुन्, जो लेखन कार्यमा अभ्यस्त छन् । तर पत्रकारिताका लेखभन्दा अनुसन्धानात्मक लेख लामो हुने, तथ्य/प्रमाण प्रस्तुत गर्नुपर्ने, तार्किक र संरचनागत हुनुपर्ने भएकोले उनलाई लेख्न अलि गाह्रो अनुभव भयो । मधेस आन्दोलनको समयमा मानवअधिकार उल्लंघन र हिंसाका घटनाहरूबारे विभिन्न रिपोर्टिङ गरेको उनी स्वीकार्छन्, "दश वर्ष अघिदेखि मैले मानवअधिकार उल्लंघनका घटनाहरूको दस्तावेजीकरण गरिरहेको छु । मसँग विभिन्न अभिलेखहरू र लामो अनुभव हुँदाहुँदै पनि मैले त्यसलाई लामो अनुसन्धानमूलक लेख तयार गर्न खोज्दा थुप्रै चुनौती आए ।" विभिन्न चरणको मस्यौदामा मेन्टरिङ र लेखन कार्यशालाबाट त्यसलाई पार गर्ने काम गरियो ।

दोस्रो, वृजराज कुशवाहा लामो शैक्षिक अनुभव भएको, गैरसरकारी संस्था र सार्वजनिक बौद्धिक/पत्रकारिता क्षेत्रमा लागेका र एक प्रतिष्ठित स्थानीय पत्रिकाको सम्पादक पनि हुन् । उनको पहिलो मस्यौदामा गण्डक नदी नियन्त्रण संघर्ष समितिको कथाको विस्तृत जानकारी दिने प्रयास थियो । कुशवाहाको प्रशिक्षक वन्दना ज्ञवालीसँग छलफल गर्दा, उनको पहिलो मस्यौदामा ठूलो परिवर्तन गर्नुपर्ने हुन्छ, भनिन् । गण्डक सम्झौताबारे गुगलमा भएको जानकारीभन्दा फरक लेख बन्नुपर्ने भएकोले गण्डक सम्झौताबारे ठूलो कुरा नगरी गण्डक नदी नियन्त्रण संघर्ष समितिको कथालाई केन्द्रबिन्दुमा राख्ने सुझाव दिइन् । यसमा प्रशिक्षकको भूमिका एउटा सहयोगी पाठकको रूपमा प्रस्तुत मस्यौदामा विचार विमर्श गर्ने र त्यसको लागि मार्टिन चौतारी एउटा चिन्तन गर्ने मञ्चको रूपमा रह्यो ।

लक्ष्मी श्रेष्ठको पहिलो मस्यौदा भने फरक किसिमले आयो । उनले महिलाको नागरिकताको समस्यालाई पैरवी गरेका थुप्रै "केस स्टडी" हरूलाई पहिलो मस्यौदामा प्रस्तुत गरिन् । भुइँ तहको तथ्यांकमा उनको राम्रो पकड थियो र अनुसन्धानको तर्क पनि स्पष्ट र सटीक थियो : मधेसमा महिलाको नागरिकता प्राप्तिमा सबभन्दा ठूलो अड्चन परिवार भित्रबाटै छ । तर, लेखलाई राम्रो संरचनामा कसरी ढाल्ने भन्ने बारेमा उनीलाई मेन्टर कैलाश राईले सल्लाह-सुझाव दिइन् । लक्ष्मी श्रेष्ठको दोस्रो मस्यौदामा आफूसँग भएको तथ्यांकलाई एउटा लयमा ल्याउने काम भयो । त्यसपछि विभिन्न चरणमा प्रशिक्षकले सन्दर्भ सामग्री उपलब्ध गराउने र प्राज्ञिक बहसको वातावरण बनाएर प्रशिक्षण र लेखन कार्यशालाबाट क्षमता अभिवृद्धि गरियो ।

थुप्रै चरणमा लेखको मस्यौदा परिमार्जन गर्नुपर्दा अनुसन्धाताले हरेश खाएर बीचमै छोड्ने डर हुनसक्थ्यो । तर, जसै अनुसन्धाताहरू अगाडि बढ्दै गए, उनीहरूले नागरिक समाजको लागि गरेको योगदानलाई लिपिबद्ध गर्न थप प्रोत्साहन मिलेको कुरा अनौपचारिक भेटमा भने । नागरिक समाजको विकासका लागि यसका प्रतिनिधिहरूमा "विशिष्ट किसिमको स्वयं" को प्रेरणा, इच्छा र महत्त्वाकांक्षा परिचालित हुनुपर्छ । अनुसन्धाताले गरेको यस्तो प्रयासको उदाहरण प्रकाशित लेखहरू हुन् (हेर्नुहोस्, साह र महर्जन २०७६) ।

## नागरिक समाजको विकास र "विशिष्ट किसिमको स्वयं" : तीन उदाहरण

अध्येता खिलनानीले भने जस्तै, केही पूर्व सर्तहरूमा नागरिक समाजको विकास निहित हुन्छ जसमा "विशिष्ट किसिमको स्वयं" को क्षमताले सामाजिक मुद्दामा तार्किक बहसको उठान गर्ने र लोकतान्त्रिक नागरिकको दायरा बढाउने गर्छ (खिलनानी सन् २००१ : २८) । यस्ता व्यक्ति कहिले तर्कसंगत स्वहितको भावनाले प्रेरित हुन्छन् त कहिले निस्वार्थ भावनाले प्रेरित हुन्छन् । उनीहरू आ-आफ्नो क्षमताले स्वःगणना र स्वःदस्तावेजीकरणको महत्त्वलाई बुझी पैरवी गर्छन् । अनुसन्धान र प्रकाशनको माध्यमबाट नागरिक समाजको दायरा बढाउने, बहस, संघर्ष, तथा विरोध गर्ने र आवाज उठाउने काम गरिरहेका हुन्छन् । तर, दुर्भाग्यवश नेपालमा नागरिक समाज भनेर प्राय: संगठनात्मक प्रकारको सामाजिक अधिकारको आन्दोलनलाई भन्ने गरिन्छ । यसले बृहत् नागरिक समाजको परिधिलाई समेट्न त सक्दैन नै, यसले नागरिक समाजको दायरा बढाउने व्यक्तिको क्षमताको पनि उपेक्षा गर्छ । यस्तो नागरिक/व्यक्तिको ज्ञान, स्रोत र क्षमता अभिवृद्धिको माध्यमका रूपमा शैक्षिक/प्राज्ञिक क्षेत्र, गैरसरकारी संस्था र सार्वजनिक बौद्धिक/पत्रकारिता वा अन्य किसिमको संस्थाको प्रत्यक्ष अप्रत्यक्ष भूमिका हुन्छ । "विशिष्ट किसिमको स्वयं" का लागि यी संस्थाहरू परिपूरक हुन्छन्, जसमा राज्य र नागरिकको लगानीलाई नियमित प्रोत्साहित गरिनुपर्छ, जुन प्राय: मोफसलमा अति कमजोर अवस्थामा छ ।

यो खण्डमा अनुसन्धाता मध्येका तीन जनामा निहित "विशिष्ट किसिमको स्वयं" लाई पैदल-अनुसन्धानको अवधारणाबाट प्रस्ट्याउने प्रयास गरिन्छ । यो प्रयास लेखकको व्यक्तिगत अनुभव, अवलोकन, प्रशिक्षण, लेखन कार्यशाला लगायतका काममा प्रत्यक्ष/अप्रत्यक्ष रूपले संलग्न भएको आधारमा गरिनेछ ।

पहिलो उदाहरण कपिलवस्तु निवासी लक्ष्मी श्रेष्ठ हुन् । उनी महिला अधिकारको क्षेत्रमा क्रियाशील अभियन्ता हुन् । विभिन्न सामाजिक संघ-संस्थामा आबद्ध उनी हाल माहुरी-होमकी कार्यकारी निर्देशकको रूपमा कार्यरत छिन् । अधिकार पैरवीमा लामो अनुभव भएकी उनले आफू कार्यरत गैरसरकारी संस्थाबाट देश र विदेशमा थुप्रै प्रशिक्षण पाइन् । के विषयमा अनुसन्धान गर्ने भनेर उनलाई सोध्दा, उनले मधेसी महिलाको नागरिकता विहीनताको सवालमा अनुसन्धान गर्ने भनिन् । उनको अनुभव गैरसरकारी संस्थाका अन्य थुप्रै विषयमा भएता पनि यही विषय किन रोजिन् त ?

लक्ष्मी श्रेष्ठले प्रमुख गरी तीन ओटा कारण सुनाइन् । एक, दिनहुँ जस्तो नागरिकताको समस्या लिएर महिलाहरू माहुरी-होममा आउने गर्छन् । दोस्रो, संस्थामा यस किसिमको कुनै परियोजना छैन, तर मानवअधिकारकर्मीको तवरले महिला समस्याको व्यक्तिगत र संस्थागत हिसाबले पनि आफ्नो सामाजिक दायित्व हो भनेर बुझी निरन्तर महिलाहरूकै हकहितका लागि माहुरी-होमले विभिन्न किसिमले पैरवी गरिरहेको हुन्छ । तेस्रो, नागरिकताको समस्या बारेमा कानूनीभन्दा पारिवारिक अड्चनको कुरो उठ्दा विभिन्न सरोकारवालाले बेवास्ता गर्छन् । यी कारणले, लक्ष्मीले मौका पायो भने नागरिकताकै विषयमा अनुसन्धान गर्ने र लेख्छु भनिन् । पैरवी गर्दा धेरै महिलाको समस्या प्रत्यक्ष रूपमा अनुभव गरेकोले यो विषयमा अनुसन्धान र प्रकाशन गर्दा यो मुद्दाको पैरवी थप प्रभावकारी हुने आशा उनको थियो ।

यो "विशिष्ट किसिमको स्वयं" को एउटा उदाहरण हो, जसमा पीडितसँग हरेक दिनको यस्तो संलग्नता कुनै निश्चित मुद्दा वा उद्देश्य बोकेको गैरसरकारी संस्थाको कारणले भन्दा पनि व्यक्तिगत प्रेरणाले भएको हो । आफू आबद्ध संस्थाको दैनिक कामकाज बाहेकको समयमा अधिकारकर्मीको हैसियतले महिलाको नागरिकतासँग गाँसिएकाको दुःख पीडा बारेमा चिन्तन र पैरवीको पहल विभिन्न किसिमले गरिरहेकी हुन्छिन् । मधेसी महिलाले नागरिकताको माग गर्दा सबभन्दा पहिला परिवारबाटै घरेलु हिंसा र भेदभाव भोग्नु परेको सशक्त तर्क गर्छिन् । ती समस्याको समाधान खोज्ने क्रममा समुदाय तहदेखि केन्द्रीय तहसम्मै आइपर्ने विभिन्न जटिलता महिलाले भोग्नुपर्ने हुन्छ । जसको बाक्लो वर्णन उनी लेख मार्फत प्रस्तुत गर्छिन् । उनले लेखमा महिलाको नागरिकता विहीनताको सवालमा पारिवारिकदेखि राज्यको हरेक तह (स्थानीय, प्रदेश र संघ) मा वञ्चितीकरण र पितृसत्तात्मक सामाजिक प्रणालीले काम गरेको एउटा महत्त्वपूर्ण तर्क गर्छिन् (श्रेष्ठ २०७६) ।

उनले काठमाडौँमा भएको एउटा खुला सेमिनारमा महिलालाई महिला स्वयंले नै पारिवारिक अड्चन उत्पन्न गरिदिँदा नागरिकता पाउनबाट वञ्चित हुनु परेको तथ्यलाई

बेवास्ता गरिएको कुरा प्रस्तुत गरेकी थिइन् । उनले आफ्नो अनुसन्धानबाट प्राप्त यस्ता उदाहरणहरू सप्रमाण राख्दा सहभागीहरूले अनौठो मानेको सन्दर्भ यहाँ उल्लेखनीय छ । यी भनेका अनुसन्धाताले आफ्नो देखाइ भोगाइका आधारमा गरेका तर्क र पैरवी हुन्, जसले पठनीय लेखन, नवीन सोच, दृष्टिकोण, वा अन्तर्दृष्टि दिने कोसिस गर्छन् । यस्तो संलग्नताले नेपाली नागरिक समाजको ज्ञानको विकासमा योगदान गरेको हुन्छ । र, यस्तो प्रयासको उचित मूल्यांकन नागरिक समाजको बहसमा गर्नुपर्छ ।

दोस्रो उदाहरण नवलपरासीका वृजराज कुशवाहा हुन् । उनी वि.सं. २०४६ देखि अध्यापन, वि.सं. २०५४ देखि पत्रकारिता र वि.सं. २०६२ देखि मानवअधिकार क्षेत्रमा लागेका व्यक्ति हुन् । उनी गण्डक नदी नियन्त्रण संघर्ष समिति नवलपरासीका प्रवक्ता र नदी अधिकार मञ्च साउथ एसियाका संयोजक हुन् । पत्रकारितामा स्नातकोत्तर गरेका उनी अनलाइन जनता डटकममा सम्पादक पनि छन् र मानव विकास अध्ययन केन्द्रमा समेत अध्यक्ष पदमा छन् । उनको आबद्धता शैक्षिक, गैरसरकारी संस्था र सार्वजनिक बौद्धिक/पत्रकारिता क्षेत्रमा छ । तर पैदल-अनुसन्धाताको खोजीका क्रममा के विषयमा अनुसन्धान र प्रकाशन गर्न चाहनुहुन्छ भनेर सोध्दा उनले आफ्नो अरू थुप्रै काममध्ये "गण्डक नदी नियन्त्रण संघर्ष समिति" को बारेमा अध्ययन र प्रकाशन गर्छु भने । यो संघर्षमा उनको करिब एक दशक लामो नि:स्वार्थ आबद्धता छ । यो समिति अनौपचारिक हो र औपचारिक रूपले नेपालमा "दर्ता" छैन । र, उनी व्यक्तिगत र गण्डक नदी नियन्त्रण संघर्ष समिति नवलपरासीका प्रवक्ताको हैसियतले गण्डक परियोजनाबाट पीडितहरूको आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा दीर्घकालीन समस्या समाधानको निम्ति गरेको संघर्ष, मुद्दा र आवाज उठाउनुपर्छ भन्ने कुरामा जोड दिन्छन् (कुशवाहा २०७६) ।

कुशवाहाको लेखले नागरिक समाजका सन्दर्भमा दुई किसिमले महत्त्वपूर्ण योगदान दिएको छ । एक, गण्डक नदी नियन्त्रण संघर्ष समितिको प्रयासलाई समुदाय स्तरबाट उठाउने विषयको रूपमा । कुनै पनि औपचारिक संगठनात्मक प्रकारको आन्दोलनभन्दा अनौपचारिक संगठनको भूमिकालाई नागरिक समाजको बृहत् दायरामा समेट्नु पर्ने यो संघर्ष समितिले देखाएको छ । यो विषयलाई नेपालमा पर्याप्त ध्यान दिइएको छैन । दोस्रो, राज्य स्तरबाट भएको गण्डक सम्झौताको त्रुटिलाई सामुदायिक स्तरमा आलोचनात्मक सामाजिक परीक्षण गर्ने काम यो संघर्ष समितिले गरेको छ । यसमा कुशवाहाको "विशिष्ट किसिमको स्वयं" को महत्त्वपूर्ण भूमिका छ । यो अभियान, अनुसन्धान र प्रकाशनको माध्यमले नेपालभरि नै जानुपर्छ, जसले नदी परियोजनाका पीडितहरूको कथा र मुद्दालाई साझा बनाउन मद्दत गर्छ भन्ने उनको तर्क छ ।[४] यसै क्रममा उनले शैक्षिक, गैरसरकारी संस्था र सार्वजनिक बौद्धिक/पत्रकारिता क्षेत्रमा हासिल गरेको ज्ञान र सीपको आधारमा विशिष्ट किसिमले व्यक्तिगत

[४] कुशवाहासँग जेठ १, २०७६ मा गरिएको कुराकानी ।

योगदान गरेर नागरिक समाजको वृत्त बढाएका छन् । र, यस्तै अन्य थुप्रै व्यक्तिहरू पनि गण्डक नदी नियन्त्रण संघर्ष समितिमा आ-आफ्नै किसिमले आबद्ध छन् ।

तेस्रो उदाहरण रुपन्देही जिल्ला निवासी रामविकास चौधरी हुन् । उनी माहुरी-होम, कपिलवस्तुमा मानवअधिकार अधिकृतका रूपमा कार्यरत छन् । रुपन्देहीका एक सञ्चारकर्मीका रूपमा परिचित उनी नेपाल पत्रकार महासंघ ५ नं. प्रदेशका कार्यसमिति सदस्य पनि हुन् । मानवअधिकार तथा सञ्चार क्षेत्रमा योगदान पुऱ्याएकामा उनी "मधेसका सय जना हिरोहरू" र "साहसिक पत्रकारिता पुरस्कार २०१८" बाट सम्मानित छन् । पैदल अनुसन्धाताको खोजीको क्रममा उनलाई के विषयमा अनुसन्धान र प्रकाशन गर्ने भनी सोध्दा उनले भनेका थिए, "लामो समय मानवअधिकारको क्षेत्र, गैरसरकारी संस्थामा र पत्रकारको हैसियतले काम गर्दा मधेसमा (खास गरी रुपेन्देही जिल्लामा) गैरन्यायिक हत्याको दस्तावेजीकरण गरेँ । किन गैरन्यायिक हत्या हुन्छ र मान्छे किन विद्रोही हुन्छ वा कसरी राज्य पक्षले गैरन्यायिक हत्यालाई एउटा औजारको रूपमा प्रयोग गर्छन्, भन्ने प्रश्न र जिज्ञासा मनमा जहिले पनि रहिरह्यो ।"[५] त्यसकारण उनले यस विषयमा रुचि राखेका थिए ।

यस्तो अनुसन्धानको दस्तावेजीकरण गर्न उनलाई प्रमुख दुई कारणले सजिलो थिएन । एक, यस्तो अध्ययनमा निरन्तर घटनाको खोजबिनका लागि नागरिक/व्यक्तिगत तौरले विशिष्ट अनुशासन र प्रेरणा चाहिन्छ, जसबाट स्वःगणना र स्वःदस्तावेजीकरणको महत्त्वलाई बुझी अधिकारकर्मीहरूले पैरवी गर्नुपर्ने हुन्छ (चौधरी २०७६) । दोस्रो, यस्तो अध्ययनको लागि राज्यसँग "फिल्ड" मा तथ्यांक संकलन गर्न वा भेटवार्ता गर्न पनि ठूलो चुनौतीपूर्ण हुन्छ र अधिकारकर्मीहरू आफैले अध्ययन/अनुसन्धानको लागि चाहिने तथ्यको लागि स्वःप्रशिक्षित हुन्छन् । यस्ता चुनौतीबाट "विशिष्ट किसिमको स्वयं" ले विभिन्न किसिमको संस्थागत आबद्धताको सही उपयोग गर्छन् र नागरिक समाजको ज्ञान र दायरालाई बृहत् बनाएर समाजलाई लोकतान्त्रिक बनाउन मद्दत गर्छन् । उनको यो प्रयासलाई "विशिष्ट किसिमको स्वयं" को एउटा उदाहरणको रूपमा बुझ्न सकिन्छ, जसबाट नागरिक समाजको विकास र ज्ञानमा (अ)प्रत्यक्ष रूपले योगदान दिन्छ ।

## निष्कर्ष

यस लेखमा "क्षमता अभिवृद्धि" को बहस पैदल-अनुसन्धान अवधारणाको आँखीझ्यालबाट प्रस्तुत गरिएको छ । नागरिक समाजको विकासका लागि गरिने अनुसन्धान र लेखनका क्रममा नागरिक समाजका प्रतिनिधिहरूको "विशिष्ट किसिमको स्वयं" को भूमिका महत्त्वपूर्ण

[५] रामविकास चौधरीसँग जेठ १, २०७६ मा गरिएको कुराकानी ।

हुने तर्क गरियो, जसमा शैक्षिक, गैसस र सार्वजनिक बौद्धिकता/पत्रकारितालाई परिपूरक संस्थाको रूपमा हेरिएको छ ।

यो लेखको निष्कर्षलाई तीन चरणमा राखेर बुझ्न सकिन्छ । एक, शैक्षिक/प्राज्ञिक क्षेत्र, गैरसरकारी संस्था र सार्वजनिक बौद्धिक/पत्रकारिता क्षेत्र नागरिक समाजको विकासको लागि मध्यस्थता गर्ने संस्थाको रूपमा रहेका हुन्छन् । नेपालको पश्चिम तराईमा अधिकारमुखी पैरवीको संस्थागत अवस्थितिले प्रस्ट गर्छ कि नागरिक समाजको संस्थागत/संगठनात्मक पक्ष कमजोर हुँदा पनि "विशिष्ट किसिमको स्वयं" को सम्भावनालाई उचित मूल्यांकन गरियो भने समाजको लोकतान्त्रिक बहसमा नागरिक समाजको दायरालाई बृहत् गर्न सकिन्छ । दोस्रो, आ-आफ्नो क्षेत्रमा लामो समयदेखि भुइँ तहमा रहेर काम गरेका अनुभवी पैदल अनुसन्धाता/अभियन्ताले नागरिक समाजको विकासको लागि विशिष्ट किसिमको योगदान दिइरहेका हुन्छन् । र, यी नागरिक समाजको अंगको रूपमा रहेका संस्थाहरूको सही उपयोग "विशिष्ट किसिमको स्वयं" ले आ-आफ्नो तरिकाले गरेको हुन्छ । त्यसैमा, क्षमता अभिवृद्धिको प्रयासले भुइँ तहका अभियन्तालाई महाजन (सन् १९९९) ले भने जस्तै प्रत्यक्ष भागीदारी र स्वप्रबंधनको एक इकाईको रूपमा प्रस्तुत गर्न सक्यो भने नागरिक समाजको विकास र सशक्तीकरणको लागि नयाँ मुद्दाको पहिचान गर्न सकिन्छ । तेस्रो, मोफसलमा, खास गरी मधेसमा, यी संस्थाहरूको अवस्था कमजोर छ । तर, पैदल-अनुसन्धान जस्तो अवधारणाको प्रयोग र अभ्यासद्वारा नागरिक समाजले भुइँ तहमा रहेका महत्त्वपूर्ण मुद्दाहरू उठाएर समाज/राज्यलाई लोकतान्त्रिक बनाउन सघाउँछन् ।

## धन्यवाद

पैदल-अनुसन्धानको अवधारणालाई नयाँ तारिकले यो लेखमा प्रस्तुत गर्नका लागि बेलाबेलामा सल्लाह-सुझाव दिनुहुने प्रत्यूष वन्त, महेशराज महर्जन, हर्षमान महर्जन, देवेन्द्र उप्रेती र देवराज हुमागाईंलाई धन्यवाद छ । लेखको क्रममा विचार, सूचना तथा अनुभव साझा गर्नुहुने लक्ष्मी श्रेष्ठ, वृजराज कुशवाहा र रामविकास चौधरीप्रति आभारी छु । यदि लेखमा कुनै कमीकमजोरी भएमा ती मेरा आफ्नै हुन् ।

## सन्दर्भ सामग्री

कुशवाहा, वृजराज । २०७६ । गण्डक सम्झौताले सताएका नेपालीको पीडा । *पैदल-अनुसन्धान : प्रयोग र उपलब्धि* । सोहन प्रसाद साह र महेशराज महर्जन, सं., पृ. १५१–१८४ । काठमाडौँ : मार्टिन चौतारी ।

चौधरी, रामविकास । २०७६ । गैरन्यायिक हत्या र मधेसमा न्याय । *पैदल-अनुसन्धान : प्रयोग र उपलब्धि* । सोहन प्रसाद साह र महेशराज महर्जन, सं., पृ. १११–१३० । काठमाडौँ : मार्टिन चौतारी ।

मार्टिन चौतारी । २०७६ । *पश्चिम तराईमा अधिकारमुखी पैरवीको संस्थागत मूल्यांकन* । काठमाडौँ : मार्टिन चौतारी ।

श्रेष्ठ, लक्ष्मी । २०७६ । मधेसी महिलाको नागरिकता विहीनता : परिवार, समाज र राज्यमा पितृसत्ता । *पैदल-अनुसन्धान : प्रयोग र उपलब्धि* । सोहन प्रसाद साह र महेशराज महर्जन, सं., पृ. २३–४० । काठमाडौँ : मार्टिन चौतारी ।

साह, सोहन प्रसाद र महेशराज महर्जन, सं. । २०७६ । *पैदल-अनुसन्धान : प्रयोग र उपलब्धि* । काठमाडौँ : मार्टिन चौतारी ।

Appadurai, Arjun. 2006. The Right to Research. *Globalisation, Societies and Education* 4(2): 167–177.

Chatterjee, Partha. 2001. On Civil and Political Society in Postcolonial Democracies. In *Civil Society: History and Possibilities*. Sudipta Kaviraj and Sunil Khilnani, eds., pp. 165–178. Cambridge: Cambridge University Press.

Chatterjee, Partha. 2004. *The Politics of the Governed: Reflections on Popular Politics in Most of the World*. New York: Columbia University Press.

Drèze, Jean. 2002. On Research and Action. *Economic and Political Weekly* 37(9): 817–818.

Kaviraj, Sudipta. 2001. In Search of Civil Society. In *Civil Society: History and Possibilities.* Sudipta Kaviraj and Sunil Khilnani, eds., pp. 287–306. Cambridge: Cambridge University Press.

Khilnani, Sunil. 2001. Development of Civil Society. In *Civil society: History and Possibilities.* Sudipta Kaviraj and Sunil Khilnani, eds., pp. 11–32. Cambridge: Cambridge University Press.

Mahajan, Gurpeet. 1999. Civil Society and Its Avatars: What Happened to Freedom and Democracy? *Economic and Political Weekly* 34(20): 1188–1196.